# CCS ELEVATE

## SOUTH *GRADE BAND STANDARDIZATION*

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र उनि हरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($ १०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।

**South Feeder Pattern 6th Grades Relocate to South**




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्‍यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।

यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा कार्यदलले शिक्षा बोर्डलाई साउथका छैठौं कक्षाका विद्यार्थीहरूलाई फिडर ढाँचाबाट साउथ हाई स्कूलमा एकिकृत गर्न, एउटै क्याम्पसमा एउटा माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयसहितको कक्षा ६ देखि १२ सम्मको साइट सिर्जना गर्न सिफारिस गर्छ।

**साउत हाई स्कूल (१२८ मा स्थापित)** मा १०१२ विद्यार्थीहरूलाई सेवा दिन सक्छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा केवल ८५५ जना विद्यार्थीहरू भर्ना भएका छन् जुनको वर्तमान उपयोग दर ८५% हुन आँउछ।

साउत हाई स्कूलमा उपस्थिति सीमामा फिडर ढाँचाहरू पुन: मिलाएर र छैठौं-कक्षाका विद्यार्थीहरूलाई **लिंकन पार्क (Lincoln Park)**, **लिभिङ्स्टन (Livingston)**, **सिबर्ट (Siebert)**, **साउथवुड (Southwood) र स्टेवार्ट अल्टर्नेटभबाट** साउथ मिडल स्कूल कक्षा ६ देखि १२ सम्मकोमा स्वागत गर्नाले माध्यमिक विद्यालयका विद्यार्थीहरू (कक्षा ६ देखि ८ सम्म) कालागि ग्रेड ब्यान्डलाई मानकीकरण गर्नेछ। छैठौं-कक्षाका विद्यार्थीहरूलाई परम्परागत माध्यमिक विद्यालयको अनुभव र अतिरिक्त निर्देशनात्मक समय प्रदान गर्दछ।

छैठौं-कक्षाका विद्यार्थीहरूलाई साउत हाई स्कूल ( कक्षा छ देखि १२ सम्म) मा स्वागत गर्दा बलियो प्रस्तावहरू, एउटा थिएटर र एथलेटिक सुविधाहरू प्रदान गर्ने अवसरको साथ ठूलो भवन प्रदान गर्नेछ। यसले माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई संगीत, भाषण र बहस, प्रदर्शन, र दृश्य कलाहरू र एथलेटिक्सकालागि थप अवसरहरू सहित थप अतिरिक्त क्रियाकलापहरू प्रदान गर्नेछ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS